जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २८८ २०८३ साल असार १५ गते सोमबार (29 June 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : फिफा'को निलम्बनपछि नेपाली... ३ पृष्ठमा : सरकारबाट उपचार खर्च लिने ... ३ पृष्ठमा भेनेजुएलामा भूकम्पबाट..

# एकल महिलाको आत्मविश्वासका साथै आत्मनिर्भर बनाउने प्रयास



**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

एकल महिलाहरुको आत्मविश्वास बढाउन तथा आत्मनिर्भर बनाउन एकल महिला आत्मनिर्भर तथा पुर्नस्थापना केन्द्र सप्तरीले अभियान चलाएको छ ।

सशक्त तथा आत्मनिर्भर एकल महिला नाराका साथ उक्त संस्थाले चलाएको अभियान अन्तर्गत आईतवार पाँच दिने सीपमूलक तालिम सम्पन्न भएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कंचनरुप नगरपालिकाको सहयोगमा आयोजित उक्त कार्यक्रमको समापनका अवसरमा आयोजक संस्था एकल महिला आत्मनिर्भर तथा पुनस्थापना केन्द्रकी अध्यक्ष जुही ठाकुरले एकल महिलाको आत्मनिर्भरता, प्रबर्द्धन, सीप विकास तथा क्षमता अभिवृद्धी, सामाजिक सद्भाव र आत्मविश्वास बढाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ यस्तो अभियान चलाइएको जानकारी दिईन ।

उनले एकल महिलालाई घर व्यवहार चलाउन, खर्चको जोहो गर्न र बालबालिकाका आवश्यक्ता, तथा शिक्षा दिक्षा पुरा गर्न कठिनाई हुने गरेको भन्दै हरेक पालिका र वडाले एकल महिलाको आत्मविश्वास बढाइ आत्मनिर्भर बनाउने प्रयासमा सहयोग र योगदान गर्न आवश्यक बजेट विनियोजन गर्नु पर्ने माग समेत गरिन ।

कार्यक्रमका प्रमुख अतिथी कंचनरुप नरपालिकाका नगर प्रमुख ललन प्रसाद गुप्ताले एकल महिला सशक्तीकरणका लागी एकल महिला आत्मनिर्भरता तथा पुर्नस्थापना केन्द्र सप्तरीले चलाएको अभियानको प्रशंशा गर्दै अभियान सफल बनाउन नगरपालिकाबाट श्रोत साधनले भ्याए सम्म सहयोग गर्ने प्रतिबद्धता जनाए ।

पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देवले केन्द्रद्वारा तालिम मार्फत प्रदान गरिएको सीपले एकल महिलाको उधमशिलता प्रबर्द्धन गरी रोजगारी सिर्जना गर्न तथा स्वालम्वी जीवनयापन गर्न ठूलो मदत पुर्‍याउने विश्वास ब्यक्त गरे ।

उनीहरुलाई केन्द्रकी अध्यक्ष ठाकुरका साथै कानुनी सल्लाहकार सतिष दत्त तथा धमेन्द्र यादव, सुरेन्द्र यादव, अभिषेक कर्ण, इसप्रिया झा, चितरंजन यादव लगायतले विभिन्न विषयमा प्रशिक्षण दिएका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*

# पेस्तोल र गोलीसहित दुई युवक पक्राउ



**दैनिक समाचारदाता**
**जनकपुरधाम, १४ असार ।**

प्रहरीले धनुषाको जनकपुरधाम उपमहानगरपालिका-९ थापा चौकस्थित एक होटलबाट दुई जनालाई पेस्तोल र गोलीसहित पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले पेस्तोल र गोलीसहित धनुषाको मुखियापट्टि मुसहनियाँ गाउँपालिका-४ निवासी २० वर्षीय अमन यादव र धनुषाकै हंसपुर नगरपालिका-६ सोनीगामा निवासी १८ वर्षीय सुधिर मुखियालाई पक्राउ गरेको हो ।

होटलमा शनिबार दिउँसो खाना खान आएका दुई जना युवकसँग हतियार रहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले हतियारसहित दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका निमित्त प्रवक्ता प्रहरी निरीक्षक मनोज यादवले जानकारी दिए ।

पक्राउ परेका दुवै जनाका साथबाट एक थान पेस्तोल, त्यसको एउटा म्यागजिन, ९ एमएम केएफ लेखिएको एउटा गोली र ७.६५ एमएम केएफ लेखिएका तीन वटा गोली बरामद भएको प्रहरी निरीक्षक यादवले बताए । पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# दुई राउन्ड गोलीसहित दुई युवा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

सप्तरीको बलानबिहुल गाउँपालिका वडा नं. ३ टिकुलियाबाट प्रहरीले दुई राउन्ड गोलीसहित दुई जना युवालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको बलानबिहुल गाउँपालिका ३ का ३२ वर्षीय सुभाषकुमार पासमान र सोही स्थानका २२ वर्षीय धर्मेन्द्र सिंह छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले प्रहरी चौकी बेल्हीबाट खटिएको प्रहरी टोलीले बलान बिहुल गाउँपालिका ३ स्थित टिकुलिया-बेल्ही सडकखण्डमा बाँसको (टहरा) मचानमा बसेको अवस्थामा शंकास्पद उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

उनका अनुसार शरीर खानतलासीका क्रममा सुभाषकुमार पासमानको साथबाट 'आठ एमएम' लेखिएको दुई राउन्ड गोली बरामद भएको थियो । प्रहरीले दुवै जनालाई नियन्त्रणमा लिई खरखजानासम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ ।

# वैदेशिक रोजगारीबाट फर्किएका आप्रवासी युवाका लागि सीप स्तरोन्नति तालिम



**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई एसी तथा रेफ्रिजेरेशन मर्मत सम्बन्धी ९६ घण्टे सीप स्तरोन्नति तालिम दिइएको छ ।

राजविराज नगरपालिकाको समन्वय तथा इन्स्योर परियोजनाको सहयोगमा संचालित उक्त तालिम आइतबार सम्पन्न भएको हो ।

माउ स्किल्स एकेडेमीद्वारा सञ्चालन तथा इन्स्योर परियोजनाको प्राविधिक तथा वित्तीय सहयोगमा आयोजित तालिममा वैदेशिक रोजगारीबाट फर्किएका २० जना पुरुषको सहभागिता रहेको थियो ।

बजारको आवश्यकता अनुरूप एसी तथा रेफ्रिजेरेशन क्षेत्रमा कार्यरत फर्किएका

*बाँकी अन्तिम पृष्ठमा*

**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।

सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# दुर्घटना भवितब्य हो, यसबाट सचेत रहौं

दुर्घटना कसैले जानी जानी गर्दैन। दुर्घटना भवितब्य हो। दुर्घटना सवारीसाधनबाट मात्र नभइकन अन्य कुनै माध्यमबाट पनि हुन सक्छ। हाम्रो मानसिकतामा दुर्घटना भन्ने बित्तिकै दुईवटा सवारीसाधन ठोकिनु हो। तर हामी झट् दुर्घटना भन्ने बित्तिकै सवारीसाधनबाट मात्र हुने बुझ्छौं। दिनहुँ जसो विभिन्न दुर्घटना हुनेगरेको प्रहरी तथ्याङ्कले देखाउँछ। दुर्घटनामा दुई पाङग्रे सवारी (मोटरसाइकल) बढी दुर्घटना हुने गरेको प्रहरी तथ्याङ्कमा छ।

यता सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न खाले सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिदै आएको छ। तर, यसको प्रभाव परिरहेको देखिन्न्। यस्तै लामो तथा छोटो दुरीका सवारी चालकलाई समय समयमा दुर्घटना न्युनिकरणका लागि जनचेतना दिएको पाइन्छ। १८ देखी ३५ वर्षसम्मका नवयूवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ। मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हनु हो। यसका लागि स्वयम युवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ।

गति बढाएर दुर्घटनालाई निम्त्याउनु भन्दा सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ। तसर्थ यसका लागि प्रहरी, अभिभावक तथा सरोकारवाला निकायले समेत बालबालिकालाई सचेत गराउन उत्तिकै जरुरी छ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'फिफा'को निलम्बनपछि नेपाली फुटबल अन्यौलमा

**मुना कार्की**

काठमाडौँ, १४ असार (रासस)।

विश्वसँगै नेपालको सहरदेखि गाउँगाउँसम्म विश्वकप फुटबल प्रतियोगिता २०२६ को चर्चा चलिरहँदा यतिबेला नेपाली फुटबल क्षेत्रमा भने अन्यौलता छाएको छ। अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले अखिल नेपाल फुटबल सङ्घ (एन्फा)लाई निलम्बन गरेसँगै नेपाली फुटबल क्षेत्रमा अन्यौलता छाएको हो।

फिफा काउन्सिल ब्युरोले फिफा विधानको धारा १४ बमोजिम एन्फालाई अर्को सूचना जारी नहुँदासम्मका लागि निलम्वन गर्ने निर्णय गरेको छ। एन्फाको निर्वाचन प्रक्रिया, राष्ट्रिय खेलकुद परिषद्का निर्णयहरू तथा सरकारी निकायको हस्तक्षेप भएको भन्दै फिफाले विस्तृत समीक्षा गरेको थियो। राष्ट्रिय फुटबल सङ्घहरु स्वतन्त्र रुपमा सञ्चालन हुनुपर्ने र कुनै पनि सरकारी वा बाह्य निकायको हस्तक्षेप हुन नहुने फिफाको मान्यता छ।

विसं २०७९ असार ६ गते निर्वाचित पङ्कजविक्रम नेम्वाङको वर्तमान कार्यसमितिले समयअगावै निर्वाचनको मिति सार्वजनिक गरेपछि एन्फाभित्र विभिन्न विवाद हुँदै आएको थियो। वर्तमान कार्यसमितिले बहुमतका आधारमा गत पुस १६ गते जिल्ला र प्रदेशको निर्वाचन नै नगरी गत चैत १३ गते केन्द्रीय निर्वाचनको मिति सार्वजनिक गरेपछि विवाद झन लम्बिएको थियो।

यस विषयमा फिफा र एएफसीले कुनै आपत्ति नजनाएपछि एन्फाले जबर्जस्ती चुनावी प्रक्रिया अगाडि बनाउने कोसिस गर्‍यो। यही विवादबीच सरकारको नियमनकारी निकाय राष्ट्रिय खेलकुद परिषद्ले विधानविपरीत भएको भन्दै निर्वाचन प्रक्रिया रोक्नका लागि निर्देशनसमेत दियो। त्यसबीच एन्फाका केही कार्यसमिति सदस्यहरूले निर्वाचन प्रक्रियाविरुद्ध उजुरी दिएका थिए। यसै क्रममा पाटन उच्च अदालतले निर्वाचन गतिविधि रोक्न अन्तरिम आदेश जारी गरेको थियो भने राष्ट्रिय खेलकुद परिषद्ले एन्फालाई राष्ट्रिय खेलकुद विकास ऐनअनुसार विधान संशोधन गर्न निर्देशन दिएको थियो।

त्यसपछि राखेपको निर्देशन अवज्ञा गरेको भन्दै गत चैत ११ गते एन्फालाई राखेपले तीन महिनाका लागि निलम्बनसमेत गर्‍यो। पटकपटक वार्ता गरेपछि राखेपले गत जेठ १ गते निलम्बन फुकुवा गरेको थियो। निलम्बन फुकुवासँगै नेपाली राष्ट्रिय महिला टोलीले भारतमा आयोजना भएको महिला साफ च्याम्पियनसिपमा सहभागिता जनाएको थियो। विभिन्न विवादबीच सहभागिता जनाएको नेपाली महिला टोलीले उल्लेखनीय प्रदर्शन गर्न सकेन। त्यतिबेला नेपाल सेमिफाइनल खेलबाट बाहिरिएको थियो। सेमिफाइनल खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएर घर फर्किएको थियो।

पछिल्लो पटक एन्फाका अध्यक्ष नेम्बाङ र महासचिव किरण राई विश्वकप फुटबल प्रतियोगिताका लागि मेक्सिको प्रस्थान गर्न लाग्दा अध्यागमन विभागले विमानस्थलबाटै नै फर्काएको थियो। अखिल नेपाल फुटबल सङ्घका प्रवक्ता सुरेश शाहले सरकारले समयमा नै समन्वयनको भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "फिफाको चाहना सरकार वा कुनै पनि निकायको हस्तक्षेपबिना चल्नुपर्ने थियो तर फिफाको विधानविपरीत एन्फा सञ्चालनमा रोक लागेपछि फिफाले निलम्बन गरेको हो। उहाँले भन्नुभयो, "जतिसक्दो चाँडो सरकारले यस विषयमा समन्वय गर्न आवश्यक छ। तेस्रो पक्षको हस्तछेप नभएमा फिफाले निलम्बन हटाउन सक्छ। त्यसैले सरकारले यस विषयमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यक छ।"

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रामचरित्र मेहताले फिफाबाट एन्फा निलम्बन हुनु नेपाली फुटबलका लागि दुःखद् घटना भएको बताउनुभयो। उहाँले यस अवस्थाको मुख्य जिम्मेवारी एन्फाको वर्तमान कार्यसमितिले लिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

"यस्तो अवस्था आउनसक्ने सम्भावनालाई मध्यजनर गर्दै राखेपले यसअघि एन्फामाथिको निलम्बनसमेत फुकुवा गरेको थियो। नेपाली फुटबललाई अन्तरराष्ट्रिय प्रतिबन्धको जोखिमबाट जोगाउने उद्देश्यले हामीले लचकता अपनाएका थियौँ। तर दुर्भाग्यपूर्ण भएको छ", उहाँले भन्नुभयो।

सदस्य सचिव मेहताले यस विषयमा विषेश छलफल गरेर आगाडि बढ्ने बताउनुभयो। उहाँले भन्नुभयो, "राखेप बोर्ड बैठकमा यस विषयमा गम्भीर छलफल गर्छौं र त्यसपछि फिफासँग आवश्यक संवाद तथा समन्वयको प्रक्रिया अगाडि बढाउछौँ।"

पूर्वखेलाडी तथा फुटबल प्रशिक्षक राजुकाजी शाक्यले फिफाद्वारा एन्फा निलम्बन हुनु नेपाली फुटबलका लागि अत्यन्त दुःखद् घटना भएको बताउनुभयो। उहाँले यस विवादलाई लम्ब्याउनुको सट्टा सम्बन्धित सबैपक्ष मिलेर समाधानको बाटो खोज्नुपर्नेमा जोड दिनुभयो।

"फिफाबाट एन्फा निलम्बन हुनु नेपाली फुटबलका लागि अप्रिय घटना हो। अब दुवैपक्ष आपसी संवाद र सहकार्यबाट समस्या समाधानतप(▪ ƹ अघि बढ्नुपर्छ। नेपाली फुटबलप्रति आमसमर्थकको ठूलो आकर्षण छ। त्यसैले नेपाली फुटबललाई थप क्षति पुग्न नदिन सबै सरोकारवाला पक्ष मिलेर समाधान गर्नुपर्छ", प्रशिक्षक शाक्यले भन्नुभयो।

फिफाको यस निर्णयले नेपाली फुटबलमा देखिएको विवाद अन्तरराष्ट्रियस्तरमा समेत गम्भीर रूपमा हेरिएको छ। अब एन्फा, नेपाल सरकार, फिफा र एएफसीबीच हुने आगामी संवाद तथा निर्णयले नेपाली फुटबलको भविष्य निर्धारण गर्ने अपेक्षा गरिएको छ। निलम्बन कायम रहुन्जेलसम्म एन्फाका प्रतिनिधि टोली तथा क्लब टोलीहरू अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी हुन नपाउने फिफाले उल्लेख गरेको छ। यस्तै एन्फा वा एन्फासँग सम्बन्धित कुनै पनि सदस्य वा पदाधिकारीले फिफा तथा एएफसीद्वारा सञ्चालित विकास कार्यक्रम, तालिम वा प्रशिक्षणबाट लाभ लिन पाउने छैनन्।

# ११ खर्ब १२ अर्ब राजश्व सङ्कलन, पूँजीगत खर्च करिब ३५ प्रतिशत

काठमाडौँ, १४ असार (रासस)।

चालु आर्थिक वर्ष पूरा हुन १९ दिन बाँकी हुँदा सरकारले राजश्व सङ्कलनमा लक्ष्यको ७५ दशमलव १७ प्रगति हासिल गरेको छ। सरकारको दैनिक बजेटरी हिसाब किताब राख्ने महालेखा नियन्त्रक कार्यालयकाअनुसार शुक्रबारसम्म रु ११ खर्ब १२ अर्ब ४८ करोड ४६ लाख राजस्व सङ्कलन भएको छ।

सरकारले चालु आर्थिक वर्षका लागि रु १४ खर्ब ८० अर्ब बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो। बाँकी दिनमा रु तीन खर्ब ६७ अर्ब ५१ करोड राजश्व सङ्कलन गर्नुपर्नेछ। त्यसका लागि दैनिक करिब रु १९ अर्ब ३४ करोड बराबर सङ्कलन गर्नुपर्ने हुन्छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार, कर राजस्व सङ्कलनतर्फ लक्ष्यको ७६ दशमलव २० प्रतिशत प्रगति भएको छ। कर राजस्वतर्फ रु १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा हालसम्म रु १० खर्ब १० अर्ब १६ करोड तीन लाख सङ्कलन भएको छ।

त्यस्तै गैरकर राजस्वतर्फ रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा हालसम्मरु एक खर्ब दुई अर्ब ३२ करोड ४३ लाख प्राप्त भएको छ।

यस्तै, अनुदानतर्फ रु ५३ अर्ब ४४ करोड ६९ लाख प्राप्त गर्ने लक्ष्य रहेकामा हालसम्म रु २४ अर्ब ११ करोड १२ लाख मात्रै प्राप्त भएको छ। जुन लक्ष्यको ४५ दशमलव ११ प्रतिशत बराबर हो।

सो अवधिमा अन्य प्राप्ति शीर्षकमा रु छ अर्ब ५० करोड ५३ लाख सङ्कलन भएको छ। यससँगै सरकारको कुल प्राप्ति रु ११ खर्ब ४३ अर्ब १० करोड ११ लाख पुगेको छ। जुन वार्षिक लक्ष्यको ७४ दशमलव ५४ प्रतिशत हो।

यस्तै, कूल सरकारी खर्चतर्फ रु १४ खर्ब चार अर्ब ९८ करोड ८६ लाख बराबर पुगेको छ। यो कूल लक्ष्यको ७१ दशमलव ५३ प्रतिशत हो। शुक्रबार मात्रै रु पाँच अर्ब ३६ करोड ८२ लाख खर्च भएको छ।

खर्चको प्रकृतिअनुसार चालु तर्फ ८० दशमलव ४२ प्रतिशत रहेको छ। कूल रु ११ खर्ब ८० अर्ब ९८ करोडको लक्ष्यमध्ये रु नौ खर्ब ४९ अर्ब ७५ करोड ९५ लाख खर्च भइसकेको छ।

विकास निर्माणको काममा खर्च हुने पूँजीगततर्फ रु एक खर्ब ४२ अर्ब २३ करोड ६८ लाख पुगेको छ। जुन लक्ष्यको ३४ दशमलव ८७ प्रतिशत हो। चालु आवका लागि रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख पूँजीगत खर्च गर्ने लक्ष्य तय गरिएको थियो।

त्यसैगरी वित्तीय व्यवस्थापनतर्फको खर्च ८३ दशमलव ४१ प्रतिशत पुगेको छ। वित्तीय व्यवस्था विभिन्न ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि खर्च गरिन्छ।

वित्तीय व्यवस्थातर्फ कूल रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख लक्ष्य मध्ये रु तीन खर्ब १२ अर्ब ९९ करोड २३ लाख खर्च भएको महालेखा नियन्त्रक कार्यालयको विवरणमा उल्लेख छ।

# 'तल्लो तहका नागरिकलाई सघाउन शिक्षा र स्वास्थ्य कर'

काठमाडौँ, १४ असार (रासस)।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शिक्षा र स्वास्थ्य क्षेत्रबाट सङ्कलन हुने कर तल्लो तहका नागरिक लाभान्वित हुने बताउनुभएको छ।

प्रतिनिसिभाको आइतबारको बैठकमा 'आर्थिक विधेयक, २०८३' माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले निजी विद्यालयका लागि समता शुल्कका रूपमा तीन प्रतिशत कर सङ्कलन सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चितता र सार्वजनिक शिक्षाको उन्नयनको लक्ष्य लिइएको स्पष्ट गर्नुभयो।

मन्त्री वाग्ले वार्षिक रु १० लाखसम्मको आम्दानीमा कर छुट गरिएको, पुँजीगत खर्च बढाउने सोच लिइएको र खर्च गर्ने क्षमता बढाएर आर्थिक क्षेत्रमा रूपान्तरण गरिने बताउनुभयो। करको दायरामा सबैलाई ल्याउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्दै उहाँले बजेटमा भएका व्यवस्थालाई पूरा गर्ने दृढता व्यक्त गर्नुभयो।

मन्त्री वाग्ले विदेशमा अध्ययन गर्न जाने विद्यार्थीका लागि मुद्रा सटहीमा लिइने तीन प्रतिशत शुल्क उचित नै भएको बताउँदै तोकिएका करहरू तिर्नैपर्छ भन्नुभयो। उहाँले उद्योगी, व्यवसायीलाई निर्धक्क भएर लगानी र व्यवसाय गर्ने वातावरणका लागि सरकारले आवश्यक सहजीकरण गर्ने पनि बताउनुभयो।

सो विधेयकमाथि विभिन्न

*बाँकी अन्तिम पृष्ठमा*

# सरकारबाट उपचार खर्च लिने क्यान्सरका बिरामी बढे

काठमाडौँ, १४ असार (रासस)।

विगत पाँच वर्षमा क्यान्सरका बिरामी करिब दोब्बरले बढेका छन्। सरकारबाट उपचार खर्च लिने क्यान्सरका बिरामी बढेका स्वास्थ्य सेवा विभागको सामाजिक सुरक्षा तथा नर्सिङ महाशाखाले जनाएको छ। महाशाखाका निर्देशक हिरादेवी निरौलाले पाँच वर्षमा क्यान्सरको उपचारबापत सहुलियत लिने बिरामी दोब्बरले बढेका जानकारी दिनुभयो।

उहाँका अनुसार आर्थिक वर्ष २०७७/७८ मा १५ हजार १८७ क्यान्सरका बिरामी रहेकामा आर्थिक वर्ष २०८१/८२ मा २८ हजार ६७८ जना पुगेका छन्। उहाँले क्यान्सरको जनचेतना कमीले क्यान्सर रोग लाग्ने गरेको बताउनुभयो। "क्यान्सरको जनचेतनाको कमीले क्यान्सर रोग लाग्ने गरेको पाइएको छ," उहाँले भन्नुभयो, "सरकार नागरिक समाज सबैले क्यान्सर रोगबाट बचाउन जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ।"

यसैगरी, २०७८/७९ मा १९ हजार ३१, २०७९/८० मा १६ हजार ६९६ र २०८०/८१ मा २२ हजार १५३ जना क्यान्सरका बिरामीले महाशाखाबाट उपचार खर्च लिएका महाशाखाका निर्देशक निरौलाले जानकारी दिनुभयो। महाशाखाले विपन्न नागरिक औषधि उपचार कोषबाट क्यान्सर पीडितका लागि रु एक लाखसम्मको औषधि उपचारको व्यवस्था गर्दै आइरहेको छ।

यस्तै, प्रदेश सरकारले पनि थप रु एक लाखसम्मको उपचार सहायता प्रदान गर्दै आएको छ। शरीरको कोष तथा कोषिकाको समूहको अस्वाभिक वृद्धि नै क्यान्सर रोग हो। यसलाई एक प्रकारको गिर्खा वा ट्युमर पनि भनिन्छ। नेपालमा देखिएका मुख्य क्यान्सरमा फोक्सोको क्यान्सर, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पेटको क्यान्सर र आन्द्राको क्यान्सर प्रमुख रहेका महाशाखाका निर्देशक निरौलाले जानकारी दिनुभयो। उहाँका अनुसार पुरुषमा फोक्सो, पेट, आन्द्रा, मुख र थाइराइडको क्यान्सर बढी देखिएको छ भने महिलामा पाठेघरको मुख, स्तन, फोक्सो, पित्तथैली र डिम्बाशयको क्यान्सर प्रमुख छन्।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले अत्यधिक मद्यपान र सुर्तीजन्य पदार्थको सेवन, खानपिन, जीवनशैली, आराम, विकिरणको प्रभाव, जीवाणुको कारण, वङ्शाणुगत कारण जस्ता मुख्य कारणले क्यान्सर निम्त्याउने बताउनुभयो।

"भात, दाल, तरकारी, अचार नखाएर हामी बढीजसो फास्टफुड, जङ्कफुड, धुम्रपान, मद्यपान, पोलेको, व्यायाम नगर्दा, सडेगलेका तथा बासी खानेकुरा खाँदा धेरै नै क्यान्सर हुने जोखिम हुन्छ", उहाँले भन्नुभयो," मोटोपनले गर्दा क्यान्सर हुने जोखिम दोस्रो कारक हो।" उहाँले खानपिन, आराम, व्यायाम, धुम्रपान, मद्यपान र मोटोपनलाई रोक्न सके क्यान्सरलाई कम गर्न सकिने बताउनुभयो। नेपालमा सबभन्दा बढी फोक्सो र त्यसपछि महिलाको पाठेघरको मुखमा हुने क्यान्सर रहेको छ। त्यसपछि स्तन क्यान्सर, पेटको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर र रगतको क्यान्सर पर्ने गर्दछन्।

सरकारले पाठेघरको मुखको क्यान्सर विरुद्धको लगाइने 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप किशोरीलाई निःशुल्क लगाउँदै आएको छ। सरकारकै तहबाट क्यान्सर रोग उपचारका लागि भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र सुशील कोइराला प्रखर क्यान्सर अस्पताल स्थापना गरेको छ।

# प्रधानमन्त्रीले आफ्नो अभिव्यक्तिबारे संसद्मा स्पष्ट पार्नुपर्ने विपक्षीको माग

काठमाडौँ, १४ असार (रासस)।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित विपक्षी दलहरूले मुलुकको सीमा सम्बन्धमा प्रधानमन्त्री वालेन्द्र शाहले दिनुभएको अभिव्यक्तिबारे सदनमै पुनः स्पष्ट पार्नुपर्ने माग गरेका छन्।

सभाको आइतबारको बैठकको प्रारम्भमा विपक्षी दलका सांसद आफ्ना आसनबाट उठेपछि सभामुख डोलप्रसाद अर्यालले उहाँहरूलाई आफ्ना धारणा सदनमा प्रस्तुत गर्न समय दिनुभएको थियो।

नेपाली कांग्रेसका रेनुका काउँचाले प्रधानमन्त्रीले संसद्मा स्पष्ट पार्नुपर्ने विषयहरू पार्टीको महाधिवेशनमा प्रस्तुत हुनुले सदनको गरिमा घटाएको आरोप लगाउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का डा पुष्पराज कँडेलले पनि प्रधानमन्त्री संसद्मा उपस्थित हुनुपर्नेमा जोड दिँदै सीमासम्बन्धी अभिव्यक्ति स्पष्ट पार्नुपर्ने बताउनुभयो। उहाँले नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई सरकारले पूर्वाग्रही भएर पक्राउ गरेको आरोप लगाउनुभयो।

नेपाली कम्युनिष्ट पार्टीका सांसद युवराज दुलालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण गर्नेतर्फ सरकारका प्रयास परिलक्षित हुनुपर्नेमा जोड दिनुभयो। उहाँले प्रदेशसभा खारेज गरी सङ्घीयताको पुनःसंरचना गर्ने सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रस्तावप्रति विमति जनाउनुभयो।

श्रम संस्कृति पार्टीका आरेन राईले राष्ट्रियतासँग सम्बन्धित विषयमा प्रधानमन्त्रीले सदनमा उपस्थित भएर स्पष्ट पार्नुपर्ने माग गर्नुभयो।


## पूर्वाधार विकास कार्यालयको आग्रह

- सडकमा खाल्डो खन्नेसहित आफ्नो अनुकुल कुनै काम नगरौं।
- सडक टाँसिएरै कुनै संरचना नबनाऔं।
- सडक भएर पैदल आवतजावत नगरौं।
- सडकमा खानेपानीको बोतल, फोहोरजन्य सामग्री नफ्याँकौं।
- सवारीको क्षमताभन्दा बढी यात्रु नबसाऔं।
- मोटरसाइकलको यात्रा गर्दा अनिवार्य रुपमा हेलमेटको प्रयोग गरौं।
- सडकको मर्मत सम्भार एवं सरसफाईमा खटिएका कर्मचारीलाई प्रोत्साहित गरौं।
- यान्त्रिक गडबडी भएका सवारीसाधन सडकमा नकुदाऔं।
- आधुनिक पूर्वाधार र संरचनाहरु भूकम्प प्रतिरोधी, बालमैत्री र अपाङगता मैत्री बनाऔं।
- सुरक्षित र गुणस्तरीय संरचनामा ध्यान दिऔं।

**अनुरोधकर्ता**
**पूर्वाधार विकास कार्यालय**
**सप्तरी**


## विश्व समाचार

# भेनेजुएलामा भूकम्पबाट एक हजार ४०० जनाको मृत्यु, ५० हजारभन्दा बेपत्ता

ला गुआइरा, भेनेजुएला, (रासस/एएफपी)।

शक्तिशाली भूकम्प गएको तीन दिनभन्दा बढी समय बितिसक्दा पनि उद्धारकर्मीहरूले शनिबार भग्नावशेषमा बाँचेकाहरूको खोजी गर्न दौडधुप गरिरहेका छन्।

शनिबार राति एक ११ वर्षीय बालकलाई सकुशल उद्धार गरिएको छ। आइतबार यो समाचार तयार पार्दासम्म मृतक सङ्ख्या एक हजार ४३० पुगेको पुष्टि भएको छ। समय बित्दै जाँदा भग्नावशेषमा पुरिएका व्यक्तिलाई जीवित अवस्थामा भेट्ने सम्भावना क्षीण बन्दै गएको छ।

भूकम्पका कारण हजारौं मानिस बेपत्ता भएका छन् भने ठूलो सङ्ख्यामा घाइते भएका रिपोर्ट प्राप्त भएका छन्।

पहिल्यै आर्थिक सङ्कट र राजनीतिक अस्थिरताबाट गुज्रिरहेको भेनेजुएला मा भूकम्पको क्षतिका कारण थप सङ्कट आएको छ। जनवरीमा अमेरिकी विशेष बलले तत्कालिन नेता निकोलस मादुरोलाई पक्राउ गरेको थियो।

लाखौं मानिसहरूलाई सरसफाइ र अन्य आधारभूत आवश्यकताहरूको अभाव भएको डर छ।

विशेषज्ञहरूका अनुसार प्राकृतिक विपत्तिपछि पहिलो ७२ घण्टा बाँचेकाहरू फेला पार्ने महत्वपूर्ण समय हो। त्यसपछि खोजी शव निकाल्ने कार्यमा परिणत हुन्छ।

नाम दिन नचाहने एक साल्भाडोरका उद्धारकर्मीले भन्नुभयो, "यो अवस्थामा उनीहरू (बेपत्ता मानिस) जीवित पाउने सम्भावना कम रहन्छ। भगवानको कृपाले केही जीवित मानिसहरू फेला परेमा यो ठूलो चमत्कार हो।"

देशको उत्तरमा रहेको काराबालेडा शहरमा शनिबार साँझ भग्नावशेषबाट ११ वर्षीय बालकलाई उद्धार गरिएको अन्तरिम नेता डेल्सी रोड्रिगेजले बताउनुभएको छ।

"भेनेजुएलाका लागि हरेक जीवन आशाको स्रोत हो," उहाँले उद्धारको भिडियोसहित एक्समा गरेको पोस्टमा लेख्नुभएको छ।

स्थानीय अधिकारीहरूको प्रतिक्रियाप्रति सार्वजनिक आक्रोश बढिरहेको बेला, अमेरिका समर्थित रोड्रिगेजले सहायताको लागि अन्य देशहरूलाई धन्यवाद दिनुभएको छ।

संयुक्त राज्य अमेरिकाले सिमोन बोलीभर अन्तर्राष्ट्रिय विमानस्थलको एउटा रनवे आंशिक रूपमा सञ्चालनमा रहेको र त्यहाँ सी-१७ अमेरिकी सैन्य विमानहरू अवतरण गर्न सक्ने बताएको छ। यसका साथै एउटा नौसेना जहाज तटमा पुगिसकेको छ।

बुधबारका दुई भूकम्पमा भत्किएका भवनहरूबाट बाँचेका मानिसहरूको खोजीमा स्थानीय बासिन्दाहरूले मेसिनहरूको अभावमा हातले नै भग्नावशेष हटाउने प्रयास गरिरहेका छन्।

"यो अत्यन्तै अराजक, गर्मी र अव्यवस्थित छ," मियामीबाट एक्लै ला गुआइरा आएका ४३ वर्षीय अष्ट्रेलियन अग्नि नियन्त्रक क्रेग डेमिलोनले भन्नुभयो, "आशा छ, अझै पनि धेरै मानिसहरू फेला पार्न सकिनेछ।"

संयुक्त राष्ट्रसङ्घका सहायता प्रमुख टम फ्लेचरले शुक्रबार एएफपीसँग भन्नुभयो, "अहिलेसम्मको अनुमान अनुसार ५० हजारभन्दा बढी मानिस बेपत्ता रहेका छन्।"

# फ्रान्समा गर्मीजन्य समस्याका कारण थप एक हजार जनाको मृत्यु

पेरिस, १४ असार (रासस/एएफपी)।

पश्चिमी युरोपको ठूलो भागमा उष्ण लहरका कारण अपेक्षा गरिएभन्दा थप करिब एक हजार व्यक्तिको मृत्यु भएको छ।

"जुन २४ देखि अघिल्ला महिनाहरूमा रेकर्ड भएका मृत्युको तुलनामा अनुमानित आँकडा करिब एक हजार अतिरिक्त मृत्यु देखिएको छ," पब्लिक हेल्थ फ्रान्सले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ।

पब्लिक हेल्थ फ्रान्सले जोखिमको चेतावनी घोषणा गरिएका क्षेत्रहरू सबैभन्दा बढी प्रभावित भएको र यस गर्मीका कारण हुने कुल मृत्युमध्ये ८५ प्रतिशत ६५ वर्ष वा योभन्दा माथिका व्यक्तिहरू रहेको जनाएको छ।

स्वास्थ्य निकायका अनुसार विशेष गरी पेरिस र यसका उपनगरहरू समावेश इल-दे-फ्रान्स क्षेत्रमा सबैभन्दा बढी मृत्यु घरमा नै रहेका समय भएको हो।

"यो तथ्याङ्कले एक्लो जीवन बिताइरहेका वा गम्भीर एकान्तमा रहेका विशेष गरी अत्यधिक शहरी क्षेत्रहरूमा रहेका उनीहरूप्रति एकताको भावनाका साथ सहयोगी उपायहरू आवश्यक रहेको सम्झना गराउँछ," विज्ञप्तिमा उल्लेख छ।

स्वास्थ्य क्षेत्रको यी आँकडाहरू प्रारम्भिक रहेको र वास्तविक सङ्ख्या अझ बढी हुन सक्ने बताइएको छ।

फ्रान्सका धेरै क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको तातो दिनहरूपछि आइतबार भने फ्रान्सभर औसतमा केही कम गर्मी भएको छ।

# कागका कारण काठमाडौँमा बर्ड फ्लु फैलियो

काठमाडौँ, १४ असार (रासस)।
कागका कारण काठमाडौँ उपत्यकामा बर्डफ्लु फैलिएको पशु सेवा विभागले बताएको छ।

विभागका महानिर्देशक डा उमेश दाहालले कागमा बर्डफ्लु देखिएकाले उपत्यकाभर फैलिएको बताउनुभयो। "कुखुरामा देखिएको बर्डफ्लुलाई नियन्त्रणमा लिन सकिन्छ। तर बर्डफ्लु देखिएका कागलाई नियन्त्रणमा लिन सकिँदैन", उहाँले भन्नुभयो, "सदर चिडियाखानालगायत धेरै ठाउँमा कागले सङ्क्रमण सारेको छ।"

महानिर्देशक डा दाहाल सङ्क्रमित कागले एक ठाउँबाट उडेर अर्को ठाउँ सार्ने गरेको बताउनुहुन्छ। कागमा देखिएको सङ्क्रमण २१ दिनसम्म रहने भएकाले धेरै नै बर्डफ्लु रोग सार्न सक्ने उहाँको भनाइ रहेको छ। "काग मरेपछि कहाँ मरेको भन्ने थाहा हुँदैन। अनि त्यही मरेको कागले बर्डफ्लु सार्ने गरेको छ। कागको सुलिले पनि धेरै नै बडीस्फ्लु सार्ने गर्दछ" उहाँले भन्नुभयो।

हाल काठमाडौँ उपत्यकाका तीनै जिल्लामा बर्डफ्लु देखिएको छ। उहाँका अनुसार अहिले देशभर ११ जिल्लाका १०० ठाउँमा बर्डफ्लुको सङ्क्रमण देखिएको छ।

महानिर्देशक डा दाहालले उपत्यकामा किर्तिपुर र कागेश्वरी मनहरा बाहेक सबै ठाउँमा बर्डफ्लु नियन्त्रण लिइसकेको छ। बर्डफ्लु पन्छीमा लाग्ने उच्च मृत्युदर भएको एक सङ्क्रामक रोग हो। उहाँले उपत्यकामा कागमा बर्डफ्लु देखिएपछि विशेष सावधानी अपनाउन आग्रह गरिएको बताउनुभयो।

विभागले विभागका उपमहानिर्देशकको नेतृत्वमा बर्डफ्लु रोग नियन्त्रण कक्ष स्थापना गरी रोग देखिएको ठाउँमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा बर्डफ्लु रोग नियन्त्रण अभियान सञ्चालन गरिँदै आइएको छ।

# असार १६ र १७ गते केही स्थानमा मुसलधारे वर्षा हुने

काठमाडौँ, १४ असार (रासस)।
मुलुकमा मनसुन क्रमशः सक्रिय हुँदै गएको जनाउँदै जल तथा मौसम पूर्वानुमान महाशाखाले आगामी असार १६ र १७ गते देशका अधिकांश भागमा मुसलधारे वर्षा हुने बताएको छ।

महाशाखाले आइतबार साँझ विशेष मौसम बुलेटिन जारी गर्दै मधेस, कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई क्षेत्रका केही स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षा तथा एकदुई स्थानमा धेरै भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ।

देशका पहाडी तथा तराई क्षेत्रका धेरै र हिमाली क्षेत्रका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ।

महाशाखाका अनुसार बङ्गालको खाडीमा विकसित न्यून चापीय प्रणालीका कारण नेपालतर्फ जलवाष्पयुक्त हावाको प्रवाह क्रमशः बढ्ने भएकाले मनसुन देशका बाँकी क्षेत्रमा पनि फैलिने सम्भावना छ।

सम्भावित वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्र्यान बहावको जोखिम बढ्न सक्ने, सहरी तथा तराई क्षेत्रमा डुबान हुन सक्ने, ठूलासाना नदीखोलामा पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

महाशाखाले दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी आसपास निर्माण तथा सडक र हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले सर्वसाधारण तथा सम्बन्धित निकायलाई आवश्यक पूर्वतयारी गर्न आग्रह गरेको छ।

# कम्युनिष्ट शक्तिबीच सहकार्य जरुरी छ : संयोजक दाहाल

काठमाडौँ, १४ असार (रासस)।
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय स्वाधीनताको रक्षा र जनअधिकारको सम्वर्द्धनका लागि वामपन्थी शक्तिहरुबीच सहकार्य जरुरी भएको बताउनुभएको छ।

जननेता मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयमा आइतबार यहाँ आयोजित विचार गोष्ठी तथा 'मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण समारोह' मा उहाँले परिवर्तित सन्दर्भमा कम्युनिष्ट शक्तिबीच सहकार्य आवश्यक भएको बताउनुभयो।

संवैधानिक अधिकार रक्षाका निम्ति सबै राजनीतिक वामशक्तिबीच साझेदारी अपरिहार्य भएको उहाँको भनाइ थियो। 'चाँडोभन्दा चाँडो समान विचार भएका दल एकताबद्ध हुन जरुरी छ,' उहाँले भन्नुभयो।

विगतका कमीकमजोरीको समीक्षा गर्न आफू तयार रहेको उल्लेख गर्दै संयोजक दाहालले राष्ट्रका सामु उत्पन्न चुनौतीको सबै नेता तथा कार्यकर्ताले मिलेर सामना गर्नुपर्ने बताउनुभयो। लोकतान्त्रिक शक्तिसँग सहकार्य गर्न आफू तत्पर रहेको संयोजक दाहालले बताउनुभयो। यस्तो सहकार्य शीघ्र हुनुपर्नेमा उहाँको जोड थियो।

नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले कम्युनिष्ट एकतालाई बलियो बनाउनुपर्नेमा जोड दिँदै युवापुस्ताको काँधमा ठूलो जिम्मेवारी आएको बताउनुभयो। उहाँले देश र जनताको हितलाई केन्द्रमा राखेर कम्युनिष्ट शक्ति अगाडि बढ्नुपर्छ भन्नुभयो।

कम्युनिष्ट पार्टीहरूले आत्मसूल्याङ्कन गर्न ढिलो भएको धारणा व्यक्त गर्दै नेता नेपालले एकता नै बल हो भन्ने वास्तविकता बिर्सन नहुने बताउनुभयो।
नेपाली कम्युनिष्ट पार्टीका नेता झलनाथ खनालले कम्युनिष्ट पार्टीहरुबीच एकताको विकल्प नभएको बताउनुभयो। उहाँले एकताको प्रक्रिया प्रारम्भ गर्नुपर्नेमा जोड दिनुभयो।

# आर्थिक सङ्कटका कारण कोशीका ४४ एफएम रेडियो बन्द

झापा, १४ असार (रासस)।
आर्थिक सङ्कटका कारण कोशी प्रदेशका ४४ वटा एफएम रेडियो स्टेशन बन्द भएका छन्। पत्रकार महासङ्घ कोशी प्रदेशले आयोजना गरेको मिडिया सम्मेलनमा प्रस्तुत कार्यक्रममा १२९ वटा रेडियोमध्ये ४४ वटा बन्द भएको जनाइएको छ।

नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय सदस्य मोहन काजीले १६ वटा सामुदायिक रेडियोसहित ४४ वटा बन्द भएको बताउनुभयो। उहाँले कार्यक्रममा आर्थिक अस्थिरता र बजार अभावका कारण रेडियोसहितका सञ्चारमाध्यम बन्द हुन थालेको सम्मेलनमा प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख गर्नुभएको छ।

उहाँले यहाँका सञ्चारमाध्यमलाई प्रोत्साहन गर्न कोशी प्रदेश सरकारले आदिवासी, जनजाति र लोपोन्मुख समुदायले मातृभाषामा सञ्चालन गरेका मिडियालाई विशेष सहयोगको नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गर्न आवश्यक देखिएको बताउनुभयो।

प्रदेशको पत्रकारिता क्षेत्रमा अभूतपूर्व अवसर र गम्भीर चुनौतीको दोबाटोमा उभिएको हुँदा पेसागत असुरक्षा र प्रविधिगत चुनौतीहरूलाई सही नीति र तत्परताका साथ सम्बोधन गर्न सकिए मात्र मोफसलको पत्रकारिता अझ सशक्त र आत्मनिर्भर बन्नसक्ने उहाँको भनाइ छ।

विश्वसनीयता र स्वतन्त्रतालाई कायम राख्दै आधुनिक डिजिटल प्रविधिसँग अनुकूलन हुनसके कोशी प्रदेशको पत्रकारिता क्षेत्र मुलुककै लागि एक अनुकरणीय र उदाहरणीय नमुना बन्नसक्ने उहाँले बताउनुभयो।

कोशी प्रदेशमा नियमित प्रकाशित पत्रपत्रिका ९६ वटा रहेका छन्। जसमा दैनिक १७ वटा, साप्ताहिक ७३ वटा, मासिक चार वटा, द्वैमासिक एक र त्रैमासिक एक रहेका छन्।

इलेक्ट्रोनिक मिडियाअन्तर्गत टेलिभिजन सात वटा, एफएम रेडियो कूल दर्ता भएका १२९ वटामध्ये ८५ वटा सञ्चालनमा रहेको काजीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ। स्थानीय तहमा दर्ता रहेको एउटै मात्र एफएम रेडियो आठराई हो। प्रदेशमा अनलाइन सञ्चारमाध्यम ३९७ वटा रहेका छन्।

### *वैदेशिक रोजगारीबाट ...*

आप्रवासी युवाहरूको प्राविधिक सीप अभिवृद्धि गरी उनीहरूको रोजगारी तथा आयआर्जनका अवसर वृद्धि गर्नु तालिमको मुख्य उद्देश्य रहेको राजविराज नगरपालिकाका रोजगार संयोजक ज्योतिष कुमार यादवले जानकारी दिए।

स्थानीय तहमा सीपयुक्त जनशक्ति उत्पादन, फर्किएका आप्रवासी युवाहरूको पुनःएकीकरण, रोजगारी प्रवर्द्धन तथा आर्थिक सशक्तीकरणका लागि यस्ता सीपमूलक कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरिएको छ।

आगामी आर्थिक वर्षमा यस्ता सीप विकास तालिमका लागि नगरपालिकाबाट आवश्यक बजेट विनियोजन गर्ने तथा विभिन्न परियोजना र साझेदार संस्थासँग सहकार्य गरी सीप सिक्न इच्छुक युवाहरूका लागि थप रोजगारी र स्वरोजगारका अवसर सिर्जना गर्न नगरपालिकाले सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

तालिम अवधिभर सहभागीहरूले आधुनिक उपकरणको प्रयोग, मर्मत प्रविधि, व्यावसायिक सुरक्षा तथा गुणस्तरीय सेवा प्रवाहसम्बन्धी व्यावहारिक ज्ञान र सीप दिइएको छ। तालिमबाट प्राप्त सीपले सहभागीहरूको पेशागत दक्षता अभिवृद्धि भई उनीहरूको आयआर्जन तथा स्वरोजगारमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

# 'स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयकले स्वास्थ्य क्षेत्रमा सुधार ल्याउँछ'

काठमाडौँ, १४ असार (रासस)।
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी विधेयकले प्रतिष्ठानमा देखिएका विकृति र विसङ्गति अन्त्य गर्दै स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन ल्याउने बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा स्वास्थ्यमन्त्री मेहताले प्रस्तुत गर्नुभएको 'स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको सामान्य छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले विधेयकले स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिको नियुक्तिलाई पारदर्शी बनाउने बताउनुभयो। उक्त प्रस्तावसभाको बहुमतबाट स्वीकृत भएको छ।

सो प्रस्तावमाथिको छलफलमा सांसद अभिषेकप्रताप शाह, पारशमणि गेलाल, विश्वराज पोखरेल, आरेन राई, समीक्षा बास्कोटा, अशोककुमार चौधरी, साजिदा खातुन सिद्धिकी, भाग लिँदै स्वास्थ्य क्षेत्रलाई जनमुखी बनाउन विधेयक केन्द्रित रहेको बताउनुभयो।

### *'तल्लो तहका ...*

सात सांसदले संशोधन प्रस्ताव प्रस्तुत गर्नुभएको थियो भने छलफलमा नेकपा (एमाले) का यशुदाकुमारी बराल, राष्ट्रिय स्वतन्त्र पार्टीका आशिष गजुरेल र अरबिन्द साहले भाग लिनुभएको थियो। उहाँहरूले शिक्षा र स्वास्थ्यमा करको बोझ नथप्न तथा पुँजीगत खर्च बढाउन आग्रह गर्नुभएको थियो।

### *एकल महिलाको ...*

कंचनरुप नगरपालिकामा मात्रै १ हजार ६ सय ४५ जना एकल महिला रहेको केन्द्रको तथ्यांकले देखाएको छ।

पाँच दिन सम्म चलेको तालिममा २ सय एकल महिला सहभागी थिइन। ती मध्ये २० देखी ४५ उमेर समुहका महिलाहरुको चयन गरी तालिममा सहभागी गराइएको थियो। तालिममा सहभागीहरुलाई झोला, थर्मस लगायतका सामग्री पनि वितरण गरिएको थियो।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
डाक्नेश्वरी नगरपालिका, सप्तरी


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*